नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
**सडक डिभिजन पोखरा**
फोनः-०६१-४६३४८७, इमेलः- rd.pokhara1@gmail.com

Government Of Nepal
Ministry of Infrastructure Development
Department of Roads
Federal Road Supervision and Monitoring Office
**Road Division Pokhara**
Phone: 061-463487, Email: rd.Pokhara1@gmail.com

पत्र सख्याः-२०८३/०८४
च.नं.-

## आकस्मिक निर्माण कार्यका लागि सूची दर्ता सम्बन्धी सूचना ।

यस सडक डिभिजन कार्यालय अन्तर्गत पोखरा—बाग्लुङ सडकको सहस्रधारा, पर्वत तथा मालढुङ्गा, पर्वत क्षेत्रमा वर्षा, बाढी, पहिरो तथा अन्य कारणबाट सडक तथा सडक संरचनामा भएको क्षति तथा अवरोधको तत्काल व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम गरिने आकस्मिक निर्माण तथा मर्मत संभार कार्यका लागि आवश्यक निर्माण व्यवसायी/फर्महरूको सूची तयार गर्न यो सूचना प्रकाशित गरिएको छ।

उक्त कार्य अन्तर्गत Gabion Wall लगायतका सडक संरचना निर्माण, Gabion Box आपूर्ति तथा जडान, सडक तथा सडक संरचनाको संरक्षण/मर्मत, पहिरो तथा बाढीजन्य क्षति व्यवस्थापन लगायतका आकस्मिक प्रकृतिका निर्माण कार्य गर्न इच्छुक तथा योग्य निर्माण व्यवसायी/फर्महरूले देहाय बमोजिमका कागजातहरू संलग्न गरी यस कार्यालयमा सूची दर्ताका लागि निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**कार्य क्षेत्र**

१. सहस्रधारा, पर्वत
२. मालढुङ्गा, पर्वत
3. लगायत अन्य क्षेत्र
(पोखरा—बाग्लुङ सडक)

**सम्बन्धित कार्यहरू**

- Gabion Wall लगायतका संरचना निर्माण तथा मर्मतसम्भार।
- Gabion Box आपूर्ति तथा जडान।
- सडक तथा सडक संरचनाको आकस्मिक संरक्षण तथा मर्मत।
- पहिरो, बाढी तथा अन्य प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त संरचनाको तत्काल व्यवस्थापन।
- आवश्यकतानुसार अन्य आकस्मिक निर्माणसम्बन्धी कार्य।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
**सडक डिभिजन पोखरा**
फोनः-०६१-४६३४८७, इमेलः- rd.pokhara1@gmail.com

Government Of Nepal
Ministry of Infrastructure Development
Department of Roads
Federal Road Supervision and Monitoring Office
**Road Division Pokhara**
Phone: 061-463487, Email: rd.Pokhara1@gmail.com

पत्र सङ्ख्याः-२०८३/०८४
च.नं.-

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन, पोखरा
कास्की

**पेश गर्नुपर्ने कागजातहरू**

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. निर्माण व्यवसायी इजाजतपत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर (PAN)/मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. सम्बन्धित प्रकृतिको निर्माण कार्य गरेको अनुभव खुल्ने कागजात।
६. उपलब्ध जनशक्ति, निर्माण उपकरण तथा साधनको विवरण।
७. फर्म/कम्पनीको सम्पर्क व्यक्ति तथा सम्पर्क नम्बर।
८. अन्य आवश्यक कागजातहरू।

आकस्मिक निर्माण कार्य आवश्यक परेको अवस्थामा प्रचलित सार्वजनिक खरिद कानून बमोजिम आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त तथा कार्य सम्पन्न गर्ने अवधि निर्धारण गरी यथा सम्भव प्रतिस्पर्धा गराई वा लिखित दरभाउ/प्रस्ताव लिई उचित मूल्यमा वार्ता गरी खरिद प्रक्रिया अगाडि बढाइनेछ।

सूची दर्ता गर्दा पेश गरिएका विवरण तथा कागजातको आधारमा सम्बन्धित निर्माण व्यवसायी/फर्मको योग्यता तथा क्षमता आवश्यकता अनुसार परीक्षण गरिनेछ।

सुचि दर्ता गर्ने
समयः कार्यालय समयभित्र यथा सम्भव शिघ्र
स्थानः सडक डिभिजन कार्यालय, पोखरा, कास्की। वा यस कार्यालयको email : rd.pokhara1@gmail.com मा समेत विवरण पठाइ सुचि दर्ता गर्न सकिनेछ।

थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

सडक डिभिजन कार्यालय, पोखरा
पोखरा, कास्की ।
मिति :-२०८३/०६/१२